**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**
**माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल**
**फैसला**

**०८१-WH-००६६**

मुद्दाः- <u>बन्दी प्रत्यक्षीकरण।</u>

चितवन जिल्ला खैरहनी नगरपालिका वडा नं. ७ घर भै हाल कारागार कार्यालय भरतपुर चितवनमा थुनामा रहेका मंगल चौधरी ........................................१ — निवेदक

**विरुद्ध**

श्री चितवन जिल्ला अदालत, भरतपुर चितवन ........................................१
श्री कारागार कार्यालय, भरतपुर, चितवन ................................................१ — प्रत्यर्थी
चितवन जिल्ला भरतपुर महानगरपालीका वडा नं. १३ बस्ने राजेन्द्र प्रसाद तिवारी.......................................................................................१

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. **रिट निवेदनको व्यहोराः**

निवेदकको विरुद्धमा प्रत्यर्थी राजेन्द्र प्रसाद तिवारीले गण्डकी विकास बैंकको खाता नं. ०६३०१२००२२३४२५००००० १ को चेक नं. ०२००११५३९६१ बाट रु. १५,२४,०००।- (अक्षरुपी पन्ध्र लाख चौबिस हजार मात्र) समयमा भूक्तान नपाएको भनी चितवन

जिल्ला अदालतमा चेक अनादर मुद्दा दायर गरी मिति २०७९।०३।०९ मा उक्त अदालतबाट फैसला हुँदा फिरादीको दावी बमोजिम रकम मध्ये रु.१३,२३,६००।- मात्र विगो तथा रु. १,०००।- जरिवाना समेत बुझाउनु पर्ने गरी आंशिक दावी पुग्ने ठहरी फैसला भएकोमा सो फैसला चित्त नबुझाई उच्च अदालत पाटन, हेटौंडा इजलासमा निवेदकले पुनरावेदन गरी मिति २०७९।११।२१ मा सुरु जिल्ला अदालतको मिति २०७९।०३।०९ को फैसला सदर हुने गरी फैसला भई अन्तिम भएको, तत्पश्चात फैसला कार्यन्वयनको लागि प्रत्यर्थी राजेन्द्र प्रसाद तिवारीले विगो बापत थुनामा राखी पाउँ भनी दिएको निवेदन उपर चितवन जिल्ला अदालतबाट मिति २०८०।०८।०८ मा प्रतिवादीलाई विगो बापत निवेदन माग बमोजिम २ (दुई) वर्ष थुनामा राख्न कारागार कार्यालय भरतपुर चितवनमा पठाई दिनु भन्ने आदेशानुसार निवेदक मिति २०८०।०९।१६ देखी हाल सम्म कारागार कार्यालय चितवनमा थुनामा बस्दै आईरहेको अवस्था छ। निवेदकको बुबाको नाउँको जग्गाहरु चितवन जिल्ला अदालतले रोक्का राख्नु अगाडी कि.नं. २३४० नेपाल ईन्भेष्टमेन्ट बैंक, कि.नं. ३१ को जग्गा गण्डकी विकास बैंकबाट र कि.नं. ६१ काठमाडौं जिल्ला अदालतबाट रोक्का रहेको र उक्त बैंकको ऋण चुक्ता गर्न तर्फ म निवेदक लागी रहेकोमा मुलुकी फौजदारी कार्यविधि, संहिता २०७४ को दफा १६५ को उपदफा ७ ले उपदफा (४) बमोजिम विगो क्षतिपूर्ति वा अन्य कुनै रकम असुल उपर हुन नसकेमा असुल उपर नभएको बाँकी विगो, क्षतिपूर्ति वा अन्य रकम भराई पाउने व्यक्तिले कसुरदारको सम्पत्ति लिलाम बिक्री भएको मितिले वा उपदफा (६) बमोजिम निवेदन तामेलीमा राखेको ३० दिन भित्रमा निजलाई कैद गराउन निवेदन दिन सक्ने छ भन्ने कानूनी व्यवस्थाको विपरीत मेरो ३ कित्ता जग्गा चितवन जिल्ला अदालतको आदेशले अन्य रोक्का फुकुवा भएपछी पुन रोक्का हुने गरी रोक्का राखी सकेपछी ऐनको व्यवस्था बमोजिमको कार्यविधि विपरित विगो असुलिको लागी कुनै सम्पत्ति फेला नपरेको भनी मिति २०८०।०६।१७ मा दिएको निवेदनको आधारमा मलाई थुनामा राखीएको कार्य मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ को पूर्ण विपरीत रहेकाले चितवन जिल्ला अदालतको आदेश बमोजिम मलाई गरिएको थुना गैर कानूनी भएकोले, चितवन जिल्ला अदालतबाट मिति २०८०।०८।०८ मा भएको आदेश तथा सो आदेशबाट जारी भएको पक्राउ पूर्जी थुनामा राख्न पठाएको भनी मलाई कारागार कार्यालय भरतपुर चितवनमा थुनामा राख्न जारी भएको मिति २०८०।०९।१७ को च.नं. १०४३० को पत्र (कैदी पूर्जी) समेत उत्प्रेषणको आदेशले बदर गरी गैर कानूनी आदेश तथा पत्राचारबाट थुनामा रहेको म निवेदकलाई नेपालको संविधानको धारा ४६, १३३ (२) (३), सर्वोच्च अदालत नियमावली,

२०७४ को नियम ३३, ३४, ३७ बमोजिम बन्दी प्रत्यक्षीकरणको अदेश जारी गरी गैर कानूनी थुनाबाट मुक्त गरी पाउँ भन्ने समेत व्यहोराको निवेदक मंगल चौधरीले यस अदालतमा दायर गरेको निवेदन पत्र।

२. **यस अदालतको आदेशः**

यसमा के कसो भएको हो? निवेदकको माग बमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सो समेत खूलाई बाटाका म्याद बाहेक सूचना पाएको मितिले ३ (तिन) दिन भित्र प्रत्यर्थी नं. १ र २ को हकमा महान्यायाधिवक्ताको कार्यालय मार्फत र प्रत्यर्थी नं. ३ को हकमा आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कल समेत साथै राखी प्रत्यर्थीहरुका नाममा म्याद/सूचना जारी गरी म्याद भित्र लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि पेश गर्नु साथै यस निवेदन संग सम्बन्धित चितवन जिल्ला अदालतमा चलेको मुद्दा नं. ०७८-C४-०१८४ को चेक अनादर मुद्दाको छिनुवा मिसिल समेत झिकाई, आएपछि महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिई नियमानुसार पेश गर्नुहोला भन्ने समेत व्यहोराको मिति २०८१।०५।३० मा यस अदालतबाट भएको आदेश।

३. **प्रत्यर्थी राजेन्द्र तिवारीको तर्फबाट पेश भएको लिखित जवाफः**

निवेदकका पिता विक्रम महतोको नाममा दर्ता रहेको चितवन जिल्ला खैरहनी १/क कि.नं. २३४०, ऐ. वडा नं. ५ कि. नं. ३१ को क्षेत्रफल ५७९.४०, ऐ. वडा नं. ७/ग कि.नं. ६१ को क्षेत्रफल २३१७.३४ का जग्गाहरु क्रमशः नेपाल इन्भेष्टमेण्ट बैंक, गण्डकी विकास बैंक एवं काठमाडौ जिल्ला अदालतबाट रोक्का रहन गएकाले सो फुकुवा भएपछि पुनः रोक्का हुने गरी रोक्का राखेकोमा सो जग्गाहरुबाट मेरो लेनाको रुपैया उठ्न/उठाउन पाउने संभावना नदेखिएको साथै सो जग्गाहरु बाहेक प्रत्यर्थी निवेदकको नाउँमा नेपालभर अन्य चल अचल श्री सम्पतिहरु मैले फेला पार्न नसकेको कारण कानून बमोजिम सिधा खर्च दाखिल गरी शुरु चितवन जिल्ला अदालतको आदेश बमोजिम प्रत्यर्थी निवेदकलाई कारागार कार्यालय भरतपुर चितवनमा थुनामा राखिएको व्यहोरा निवेदकले समेत आफ्नो निवेदनपत्रमा स्वीकार गरिसकेको हुँदा उक्त थुना गैर कानूनी रुपमा नभएकोले निवेदन माग दावी खारेज गरीपाउँ भन्ने व्यहोराको प्रत्यर्थी राजेन्द्र तिवारीको तर्फबाट पेश भएको लिखित जवाफ।

४. चितवन जिल्ला अदालतको तर्फबाट पेश भएको लिखित जवाफः

यी रिट निवेदक उपर वादी राजेन्द्र प्रसाद तिवारी भएको ०७८-C४-०१८४ को चेक अनादर मुद्दामा प्रतिवादीले रु.१५,२४,०००।- बाट रु.२,००,४००।- घटाई बाँकी हुन आउने रकम र सो को मिति २०७७।११।२५ देखी प्रस्तुत मुद्दाको फैसला कार्यान्वयन हुँदाको अवधी सम्म लाग्ने १० प्रतिशत ब्याज समेत वादीले दिलाई भराई पाउने ठहरी मिति २०७९।०३।०९ मा यस अदालतबाट फैसला भएको र यी रिट निवेदकले उक्त फैसला उपर गरेको पुनरावेदनमा उच्च अदालत पाटन, हेटौंडा इजलासले समेत सुरु फैसला सदर हुने गरी फैसला गरेपश्चात फैसला कार्यान्वयन गरी पाउँ भनी वादी राजेन्द्र तिवारीको दरखास्त परी फैसला कार्यान्वयनको क्रममा यी रिट निवेदक मंगल चौधरीको नाउँमा यस अदालतबाट जारी भएको म्याद मिति २०८०।०२।२३ मा घर दैलो टाँस भएको र मिति २०८०।०३।१७ मा यी रिट निवेदक यस अदालतमा हाजिर हुन आएका हुन। वादीको विगो भराउने क्रममा प्रतिवादी मंगल चौधरीको नाउँमा रहेको जग्गा अन्य संस्थाबाट रोक्का रहेकोले अन्य जेथा मैले पत्ता लगाउन नसकेकाले जेथा फेला परेका बखत जगाउने गरी हाललाई तामेलीमा राखि पाउँ भनी वादीले मिति २०८०।०५।१० मा कागज गरी सनाखत गरेपश्चात प्रस्तुत मुद्दा मिति २०८०।०५।२९ मा तामेलीमा रहेको अवस्था थियो। तत्पश्चात वादीले प्रतिवादीलाई विगो बापत कैद गरी पाउँ भनी निवेदन साथ ध.र.नं. १६९ मार्फत मिति २०८०।०६।१७ मा २ (दुई) वर्ष कैदमा राख्न सिधा खर्च रकम रु.६९,३९४।- दाखिला गरेकोले यस अदालतबाट निवेदक/प्रतिवादीको नाउँमा जारी भएको म्याद मिति २०८०।०६।२३ मा तामेल भएको र सो म्याद भित्र पनि वादीको विगो रकम प्रतिवादीले दाखिला नगरेकाले उक्त विगो बापत कैद गरी पाउँ भनी वादीले दिएको निवेदन इजलास समक्ष मिति २०८०।०८।०८ मा पेश हुँदा निज प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १६५ (७) बमोजिम कैदमा राख्न पक्राउ पूर्जी जारी गर्नू, प्रतिवादी पक्राउ परे पछि विगो बापत निवेदन माग बमोजिम २ (दुई) वर्ष थुनामा राख्न कारागार कार्यालय भरतपुर चितवनमा पठाइदिनू भनी मिति २०८०।०८।०८ को आदेशानुसार मिति २०८०।०९।१६ मा पक्राउ गरी यस अदालतमा मिति २०८०।०९।१७ मा उपस्थित गराउँदा रिट निवेदक/ प्रतिवादीले वादीको रकम दाखिला गर्न सक्दिन भनी कागज गरेकाले यस अदालतको च.नं १०४३० मार्फत मिति २०८०।०९।१७ मा कैदी म्याद ठेकी कारागार कार्यालय भरतपुर चितवनमा पठाइएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरीपाउँ भन्ने व्यहोराको

चिवतन जिल्ला अदालतको तर्फबाट तहसिलदार प्रमोद कुमार पोखरेलले पेश गर्नुभएको लिखित जवाफ।

५. **कारागार कार्यालय चितवन, भरतपुरको तर्फबाट पेश भएको लिखित जवाफः**

वादी राजेन्द्र प्रसाद तिवारी र प्रतिवादी मंगल चौधरी भएको मु.नं. ०७८-C४-०१८४ को चेक अनादर मुद्दामा मिति २०७१।०३।०९ को फैसला अनुसार वादीले प्रतिवादीबाट साँवा रु.१३,२३,६००।- र सोको १० प्रतिशत ब्याज समेत भराई पाउने ठहरी फैसला भएको र उक्त फैसला उपर प्रतिवादीको पुनरावेदन परी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट सुरु सदर हुने ठहरी मिति २०७९।११।२१ मा फैसला भएकोमा फैसला बमोजिमको बिगो भराई पाउन वादी फैसला कार्यान्वयनको लागी उपस्थित भई कारवाही चलिरहेको अवस्थामा प्रतिवादीले म्याद भित्र वादीको विगो दाखिला गर्न नल्याएको र वादीको विगो भराउन मिल्ने प्रतिवादीको कुनै जेथा फेला नपरेकोले वादीले प्रतिवादीलाई विगो बापत २ (दुई) वर्ष कैद गरी पाउँ भनी सिधा खर्च समेत दाखिला गरि दिएको निवेदन इजलास समक्ष पेश हुँदा निज वादीको माग बमोजिम सिधा खर्चले खाम्ने गरी प्रतिवादीलाई कैदमा राख्न पक्राउ पूर्जी जारी गरी कैदमा राख्न आदेश भई निजलाई पक्राउ गरी उपस्थित गराएकोमा निजले वादीको विगो रकम दाखिला गर्न सक्दिन भनी कागज गरेकोले कैदको हकमा निज पक्राउ परी मिति २०८०।०९।१६ देखि कैद गणना हुने गरी मिति २०८२।०९।१५ सम्म कैदमा राखी मिति २०८२।०९।१६ गते कैदमुक्त गरिदिनु भन्ने समेत व्यहोराको चितवन जिल्ला अदालतको च.नं. १०४३० मिति २०८०।०९।१७ को आदेश (कैदिपुर्जी) बमोजिम यी रिट निवेदक/प्रतिवादी मंगल चौधरी हाल कारागारमा थुनामा रहेको र जुनसुकै थुनछेक आदेश गर्ने अड्डा अदालतबाट थुनामा राख्न वा कैदमा राख्न पठाउँदा कारागार ऐन एवं नियमावली बमोजिम बन्दी (कैदी/थुनुवा) हरुलाई बिना भेदभाव समान रुपमा तोकिए बमोजिमको सेवा सुविधा उपलब्ध गराई थुनामा राख्ने गरिएको र यस कार्यालयलाई आफुखुशी थुनामा राख्न तथा छाड्न पाउने कानुनी अधिकार नरहेकोले अधिकार प्राप्त अधिकारी वा निकायबाट भएको आदेश बमोजिम थुनामा राख्ने गरिएकोले रिट निवेदन खारेज गरि पाउँ भन्ने व्यहोराको महान्यायाधिवक्ताको कार्यालयमार्फत पेश भएको लिखित जवाफ।

**यस अदालतको आदेश**

६. नियम बमोजिम साप्ताहिक एंव दैनिक पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजात/प्रमाणहरु अध्ययन गरी हेरियो।

७. निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री कल्याण पोखरेल र श्री इन्द्र अर्यालले निवेदकलाई कानूनको समान प्रयोग विपरीत निजको आत्मसम्मानमा बन्देज लगाउने र कानूनी स्वतन्त्रता अपहरण गर्ने गरी पक्राउ पूर्जी जारी गरी थुनामा राखिएको हुँदा निवेदन माग बमोजिम रिट जारी गरी निवेदकलाई गरीएको कैदबाट मुक्त गरीपाउँ भनी प्रस्तुत गर्नुभएको बहस सुनियो।

८. त्यसैगरी प्रत्यर्थी राजेन्द्र तिवारीको तर्फबाट उपस्थित हुनुभएको विद्वान अधिवक्ता श्री विश्वेश्वर प्रसाद गौतम र श्री समिक्षा भण्डारीले निवेदकले प्रत्यर्थीलाई बिगो बमोजिम भराई पाउने रकम भराउन निवेदकको नाउँमा नेपालभर अन्य चल, अचल सम्पत्तिहरु फेला नपरेको तथा कानूनले फौजदारी प्रकृतिको मुद्दामा फैसला कार्यान्वयन गर्दा सिधा खर्च राखी कैदमा पठाउनु पर्ने भन्ने कानूनी व्यवस्था बमोजिम सुरु जिल्ला अदालतबाट भएको आदेश अनुसार कैदमा राखिएको, मुद्दाको प्रकृया के, कुन अवस्थामा छ सो बारेमा जानकारी समेत भएको अवस्थामा निवेदकको कुनै पनि किसिमको हक अधिकार हनन नभएकोले रिट निवेदन खारेज गरीपाउँ भनी प्रस्तुत गर्नुभएको बहस समेत सुनियो।

९. प्रत्यर्थी चितवन जिल्ला अदालत र कारागार कार्यालय चितवनको तर्फबाट बहसको लागि उपस्थित हुनुभएको विद्वान उप-न्यायधिवक्ता श्री पुष्पराज बास्तोलाले निवेदक र प्रत्यर्थीमध्येका राजेन्द्र तिवारीबिच भएको चेक अनादर मुद्दामा निवेदकको वादीलाई बिगो भराउन कुनै जेथा फेला नपरेपछि बिगो बापत २ (दुई) वर्ष कैद गरिएको हो, कैदमा राख्नु अघि अदालतले कानुन बमोजिम जानकारी गराएकोमा निवेदकले बिगो रकम दाखिल गर्न नसक्ने भनी सनाखत समेत गरेपश्चात सेवा सुविधा उपलब्ध गराई थुनामा राख्ने कार्य भएको हुँदा निवेदकको रिट निवेदन खारेज गरीपाउँ भनी प्रस्तुत गर्नुभएको बहस समेत सुनियो।

१०. यी निवेदकको जायजेथाबाट विगो वापतको रकम असुल उपर गर्न सकिनेमा निवेदकको नाममा कुनै सम्पत्ति फेला नपरेको भन्ने झुठ्ठा तथ्य पेश गरी दायर गरेको निवेदन बमोजिम निवेदकलाई विगो वापत कैदमा राख्ने गरी मिति २०८०।०८।०८ मा चितवन जिल्ला अदालतबाट भएको आदेश र उक्त आदेश अनुसार जारी भएको मिति २०८०।०९।१७ को पक्राउ पुर्जी कानून सम्मत छैन। रिट निवेदकको बुबा विक्रम महतोको नाममा मालपोत कार्यालय चितवनमा दर्ता भएको कि.नं. २३४० को क्षे.फ. २३२.७९, कि.नं. ३१ को क्षे.फ. ४७९.४० र कि.नं. ६१ को क्षे.फ. २३१७.३४ को जग्गाहरु यस मुद्दा पूर्व नै रोक्का रहेको तथ्य प्रत्यर्थी राजेन्द्र तिवारीलाई थाहा जानकारी भएकोमा निवेदकलाई बिगो वापत कैदमा राख्ने गरी भएको उल्लिखित आदेश गैरकानूनी हुँदा उक्त आदेश र सो बमोजिम जारी भएको पक्राउ पुर्जी र

कैदी पुर्जी बदर गरी बन्दी प्रत्यक्षीकरणको रिट जारी गरी थुना मुक्त गरी पाउँ भन्ने निवेदन दावी रहेकोमा, यी रिट निवेदक/प्रतिवादी र वादी राजेन्द्र तिवारी भई चलेको चेक अनादर मुद्दामा यी निवेदकबाट वादीले भरी पाउने ठहरेको विगो रु. १३,२३,६००।- तथा जरिवाना रू. १,०००।— असुल हुन बाँकी रहेको हुँदा उक्त विगो वापत २ (दुई) वर्ष कैद राख्ने गरी चितवन जिल्ला अदालतबाट मिति २०८०।०८।०८ मा भएको आदेश बमोजिम रितपुर्वक नै थुनामा राखेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत व्यहोराको प्रत्यर्थीहरुको लिखित जवाफ रहेको पाइयो।

११. अब निवेदन माग बमोजिम मंगल चौधरीलाई गैरकानूनी रुपमा थुनामा राखी बन्दी बनाएको हो, होइन? निवेदन माग बमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्नु पर्ने हो वा होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

१२. निर्णय तर्फ विचार गर्दा, यी रिट निवेदक मंगल चौधरी प्रतिवादी र वादी राजेन्द्र तिवारी भई चलेको चेक अनादर मुद्दामा (०७८-C४-०१८४) चितवन जिल्ला अदालतबाट मिति २०७९।०३।०९ मा आंशिक वादी दावी पुग्ने ठहरी वादीले चेकमा उल्लिखित विगो रकम रु. १५,२४,०००।- बाट रू २,००,४००।- घटाई बाँकी हुन आउने रकम रू. १३,२३,६००।- र मिति २०७७।११।२५ देखिको प्रचलित कानून बमोजिमको ब्याज समेत विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ (क) बमोजिम प्रतिवादीबाट भराई पाउने र प्रतिवादीलाई सोही दफा बमोजिम तजबीजी रु. १,०००।— जरिवाना हुने ठहरी फैसला भएको देखिन्छ। उक्त फैसला उपर प्रतिवादीले पुनरावेदन गरी उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७९।११।२१ मा सुरु सदर हुने ठहरी फैसला भएकाले उक्त फैसला बमोजिम बिगो भराई पाउन वादी फैसला कार्यान्वयनको लागि उपस्थित भई कारवाही चल्दा प्रतिवादी यी रिट निवेदकले म्याद भित्र बिगो दाखिल गर्न नसकेको र वादीको बिगो भराउन प्रतिवादी मंगल चौधरीको नामको कुनै स्वतन्त्र जेथा फेला नपरेको हुँदा निज प्रतिवादीलाई विगो वापत २ (दुई) वर्ष कैद गरी पाउँ भनी मिति २०८०।५।१० मा चितवन जिल्ला अदालतको तहसिल शाखामा प्रस्तुत मुद्दाका प्रत्यर्थी राजेन्द्र तिवारीको निवेदन परेको र प्रतिवादी यी रिट निवेदकलाई बिगो बुझाउन आउनु भनी १५ दिने म्याद सूचना पठाउँदा सो म्याद यी रिट निवेदकले हातैमा बुझिलिएको भए तापनि म्याद भित्र बिगो बुझाउन नआएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ (७) बमोजिम कैदमा राख्न पक्राउ पूर्जी जारी गर्नु र प्रतिवादी पक्राउ परे पछि बिगो बापत निवेदन माग बमोजिम कैदमा राख्न पठाईदिनु भनी दायर भएको निवेदन उपर कारवाही गर्दै चितवन जिल्ला अदालतबाट मिति

२०८०।०८।०८ मा वादीले प्रतिवादीबाट भराई पाउने बिगो वापतमा २ (दुई) बर्ष कैद गर्न लाग्ने सिधा खर्च समेत दाखिला गरी सकेको देखिदा वादीको बिगो वापत प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ (८) बमोजिम २ (दुई) बर्ष कैद गर्न आदेश भएको देखिन्छ। सोही आदेशको आधारमा मिति २०८०।०९।१६ मा पक्राउ पुर्जी जारी भई जिल्ला प्रहरी कार्यालय भरतपुर, चितवनले रिट निवेदक मंगल चौधरीलाई मिति २०८०।०९।१६ मा पक्राउ गरी मिति २०८०।०९।१७ मा चितवन जिल्ला अदालत समक्ष उपस्थित गराएकोमा वादीको विगो रकम दाखिला गर्न सक्दिन भनी प्रतिवादी मंगल चौधरीले कागज गरेको देखिदा वादीको विगो वापत २ (दुई) वर्षको लागि प्रतिवादी मंगल चौधरीलाई मिति २०८०।०९।१६ देखि लागु हुने गरी मिति २०८२।०९।१५ सम्म कैदमा राखि अन्य मुद्दा वा कारणले थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको हकमा मात्र मिति २०८२।०९।१६ मा कैद मुक्त गरिदिनु भनी मिति २०८०।९।१७ मा कैदी पुर्जी जारी भए बमोजिम यी निवेदक कारागार कार्यालय चितवनमा निजले बुझाउन बाँकी रहेको विगो वापत कैदमा बस्दै आएको पाइयो।

१३. सर्वप्रथम प्रस्तुत मुद्दामा सुरु चितवन जिल्ला अदालतबाट फैसला कार्यान्वयनको क्रममा वादीले सिधा खर्च दाखिल गरेपश्चात सोही आधारमा २ (दुई) वर्ष थुनामा राख्न पठाएको तर सिधा खर्च दाखिल गर्ने प्रावधान फौजदारी प्रकृतिको मुद्दामा नभएको भन्ने निवेदन जिकिर सम्बन्धमा विचार गर्दा, प्रतिवादी मंगल चौधरीले वादी राजेन्द्र प्रसाद तिवारीलाई दिएको चेक खातामा पर्याप्त मौज्दात नरहेकोले सुरु चितवन जिल्ला अदालतबाट चेक अनादर भएको भनी फैसला भएको कुरामा विवाद देखिँदैन। यसरी आफ्नो खातामा पर्याप्त रकम नभएको कुराको जानकारी हुँदाहुँदै खाताको रकमले नखाम्ने गरी यी निवेदकले चेक काटेकोले विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ (क) बमोजिम निजलाई त्यस्तो कार्य गरेबापत पीडित व्यक्तिलाई बिगो र दश प्रतिशत ब्याजसमेत भराई लिन पाउने ठहर भएको अवस्थामा प्रतिवादीबाट भएको उक्त कार्य विनिमेय अधिकारपत्र ऐन, २०३४ को दफा १०७ (क) अन्तर्गत दुनियावादी हुने फौजदारी प्रकृतिको मुद्दा अन्तर्गत पर्ने देखिन आयो। व्यक्तिले बैंकिङ प्रणालीलाई नै नोक्सान पार्ने गरी गर्ने कसूरजन्य कार्य र व्यक्ति व्यक्तिबिच भएको विनिमेय कारोबारबाट सिर्जित हुने कसूरलाई अलगअलग कानूनले भिन्नभिन्न कसुरको रूपमा परिभाषित गरेको अवस्थामा त्यसको लागि कानूनी उपचारको मार्ग र प्राप्त हुने उपचार समेत फरक ढङ्गबाट निर्धारण गरेपछि त्यसको पालना र प्रयोग पनि सोहीअनुरूप गरिनु पर्ने हुन्छ। **विनिमेय अधिकारपत्र अन्तर्गतका चेक अनादर मुद्दा विनिमेय अधिकारपत्र ऐन, २०३४ अन्तर्गत पर्ने विषय भएको र उक्त दफा १०७**

(क) मा कैद वा जरिवाना वा दुवै सजायको व्यवस्था समेत भएतापनि बिगो असुल उपर हुन नसकेको खण्डमा सो बापत कैद राख्ने व्यवस्था विनिमेय अधिकारपत्र ऐनले समावेश नगरेको अवस्थामा यस प्रकृतिका मुद्दामा दुनियावादी फौजदारी कसूर भएका कारण निजी बिगोस्वरूप बिगो असुल गर्ने प्रकृया फौजदारी कार्यविधि अन्तर्गत नै गर्नु पर्ने देखियो।

१४. मुलुकी देवानी कार्यविधि संहिता, २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दुवैले निजी बिगोको हकमा कैद गराउन सक्ने व्यवस्था गरेको पाइन्छ। मुलुकी देवानी कार्यविधि संहिताले व्यक्ति-व्यक्ति बिच भएको लेनदेनको हकमा के कसरी बिगो असुल उपर गर्ने भनी व्यवस्था गरेको देखिन्छ भने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २ (ठ) मा फौजदारी मुद्दा भन्नाले अनुसूची-१, अनुसूची-२, अनुसूची-३ र अनुसूची-४ अन्तर्गतका मुद्दा सम्झनुपर्ने भन्ने व्यवस्था भएको र अनुसूची-४ मा प्रचलित कानून बमोजिम व्यक्तिबादी भै दायर हुने फौजदारी प्रकृतिको कसूर समावेश गरिएको र विनिमेय अधिकारपत्र ऐन अनुसारका चेक अनादर मुद्दा व्यक्तिवादी भै दायर हुने फौजदारी मुद्दा भएकोले सुरु उठान फिरादपत्रबाट भई कैद तथा जरिवाना विनिमेय अधिकारपत्र ऐन, २०३४ अन्तर्गत भएतापनि निजी बिगो कार्यान्वयनको हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ अन्तर्गतको प्रकृयामा जानु पर्ने देखियो।

१५. हाम्रो अदालती अभ्यासमा बैंकिङ्ग कसुर वा विनिमेय अधिकारपत्र ऐन दुवै अन्तर्गतका चेक अनादर मुद्दामा फैसला बमोजिम कार्यान्वयन हुन नसकि बिगो बमोजिम कैद तथा थुनामा राख्न वादीले निवेदन दिएपश्चात सम्बन्धित कारागार कार्यालयले पठाएको सुची अनुसार वार्षिक रुपमा दाखिल गर्नुपर्ने सिधा खर्चको रकम फैसला कार्यान्वयन शाखाले वादीलाई दाखिल गर्न लगाई सो रकम दाखिल भए पश्चात इजलासबाट आदेश भई कैदमा पठाउने प्रचलन रहेको देखिन्छ। सोही प्रचलनले गर्दा प्रस्तुत मुद्दामा समेत वादीले यी निवेदक प्रतिवादीलाई केही रकम दाखिल गरी कैदमा पठाएको हुनाले यी निवेदकले प्रत्यर्थी सँगको कारोबार देवानी प्रकृतिको भएको र सरकारलाई तिर्नु बुझाउनु पर्ने दायित्व भन्दा बाहेक व्यक्तिसँगको दायित्व फौजदारी प्रकृतिको होइन र वादी/प्रत्यर्थीले सिधा खर्च बापत बुझाएको रकम रू. ६९,३९३।- बमोजिमको मात्रै कैद हुनपर्ने भन्ने जिकिर लिएको देखिन्छ। सो तर्फ विचार गर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ ले निजी बिगो र क्षतिपूर्ति भराउने सम्बन्धी व्यवस्था गरेको देखिन्छ।[१] उक्त व्यवस्थाले निजी बिगोको हकमा फैसला भएपश्चात के, कसरी असुल उपर

---

[१] मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ को उपदफा (१) "अदालतको फैसला बमोजिम कुनै व्यक्तिले तिर्नुपर्ने ठहरेको निजी बिगो, पीडित वा निजको हकवालाले पाउने क्षतिपूर्ति वा अन्य कुनै रकम त्यसरी फैसला बमोजिम तिर्नु पर्ने व्यक्तिलाई फैसला भएको छ महिनाभित्र बुझाउनु पर्नेछ।

गर्ने जस्तैः बिगो भराई पाउने पक्षले बिगो वा क्षतिपूर्ति असुल उपर गर्न नसके रकम भर्नु पर्ने व्यक्तिको हकको सम्पत्ति देखाई निवेदन दिने, अदालतबाट उक्त सम्पत्तिमा रोक्का वा लिलाम विक्री गरी बिगो वा क्षतिपूर्ति भराई लिनुपर्ने, सम्पत्ति भेटिए के, कसरी असुल उपर गर्ने र सम्पत्ति नभेटिएको हकमा के गर्ने भनी उल्लेख गरेको पाइन्छ। यस व्यवस्थाले निजी बिगो भरी लिने सम्बन्धमा प्राथमिकता दिएको देखिन्छ। त्यसैगरी फैसला कार्यान्वयन निर्देशिका, २०७५ को ३१[२] ले निजी बिगो वा क्षतिपूर्तिबापत कैद गराउन सक्ने भनी व्यवस्था गरेको र बिगो भराउन नसकी बिगो बापत कैद गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ बमोजिम कैद गर्नुपर्ने भनी व्यवस्था गरेको देखिन्छ।

१६. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ (७) ले लिलाम विक्रीबाट समेत कुनै रकम असुल उपर हुन नसकेमा कैदमा राख्न निवदेन दिन सक्ने र उपदफा ८ ले एक दिनको तीन सय रुपैंयाको दरले त्यसरी बाँकी हुन आएको बिगो र रकम कैदमा परिणत गरी

---

उपदफा २ "उपदफा (१) बमोजिमको अवधिभित्र त्यस्तो व्यक्तिले त्यस्तो बिगो, क्षतिपूर्ति वा रकम नबुझाएमा निजलाई दश हजार रूपैयाँसम्म जरिवाना हुनेछ।

उपदफा ३ "उपदफा (१) बमोजिमको अवधिभित्र बिगो, क्षतिपूर्ति वा त्यस्तो रकम बुझाउनु पर्ने व्यक्तिले नबुझाएमा त्यस्तो बिगो क्षतिपूर्ति वा रकम भरी पाउने व्यक्तिले अन्तिम फैसला भएको मितिले तीन वर्षभित्र त्यस्तो बिगो, क्षतिपूर्ती वा रकम भर्नुपर्ने व्यक्तिको हकको सम्पत्ति देखाई निवेदन दिन सक्नेछ।

उपदफा ४ "उपदफा (३) बमोजिम निवेदन परेमा अदालतले त्यस्तो सम्पत्ति रोक्का र लिलाम बिक्री गरी क्रमशः बिगो, क्षतिपूर्ति वा त्यस्तो रकम भराई दिनु पर्नेछ।

उपदफा ५ "उपदफा (१) बमोजिम बिगो, क्षतिपूर्ति वा रकम तिर्नु पर्ने व्यक्तिले अदालतमा त्यस्तो रकम बुझाएमा वा दफा ६८ को उपदफा (१) बमोजिम कुनै रकम धरौट वा जमानत राखेको भए त्यसबाट क्षतिपूर्ति, बिगो वा त्यस्तो रकम असुल हुने भएमा सोही बमोजिम भराई दिनुपर्नेछ।

उपदफा ६ "उपदफा (३) बमोजिमको अवधिभित्र बिगो, क्षतिपूर्ति वा अन्य रकम भराई पाउने व्यक्तिले सम्पत्ति पत्ता लगाउन नसकेमा त्यस्तो सम्पत्ति फेला परेको बखत निजले जनाउ दिएमा भराई दिने गरी अदालतले त्यसतो निवेदन तामेलीमा राख्न पर्नेछ।

उपदफा ७ "उपदफा (४) बमोजिम बिगो, क्षतिपूर्ति वा अन्य कुनै रकम असुल उपर हुन नसकेमा असुल उपर नभएको बाँकी बिगो, क्षतिपूर्ति वा अन्य रकम भराई पाउने व्यक्तिले कसूरदारको सम्पत्तिको लिलाम बिक्री भएको मितिले वा उपदफा (६) बमोजिम निवेदन तामेलीमा रहेको तीस दिनभित्र निजलाई कैद गराउन निवेदनपत्र दिन सक्नेछ।

उपदफा ८ "उपदफा (७) बमोजिम निवेदन परेमा अदालते एक दिनको तीन सय रुपैंयाको दरले त्यसरी बाँकी हुन आएको बिगो वा रकमलाई कैदमा परिणत गरी त्यस्तो बिगो वा रकम भर्नु पर्ने व्यक्तिलाई कैद गर्नु पर्नेछ।

उपदफा ९ "उपदफा (८) बमोजिम कुनै व्यक्तिलाई कैद गर्दा व्यक्ति विशेषको बिगोको हकमा दुई वर्ष र नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको सार्वजनिक संस्थाको बिगोको हकमा चार वर्षभन्दा बढी कैद गर्न सकिने छैन। तर क्षतिपूर्ति असुल उपर नभए बापत कैद गराउन पर्दा चार वर्षसम्म कैद गर्न सकिनेछ।

उपदफा १० "उपदफा (८) बमोजिम निजी बिगो, क्षतिपूर्ति वा अन्य रकम बापत कैद गर्नु पर्दा तीन सय रूपैंयाभन्दा कम रकम भएमा वा बाँकी रहन गएमा सो बापत एक दिने कैद गर्नुपर्नेछ।

उपदफा ११ "उपदफा (८) बमोजिम कैद गर्दा कानून बमोजिम लाग्ने सिधा खर्च नेपाल सरकारले व्यहोर्नु पर्नेछ।

उपदफा १२ "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजी बिगो, क्षतिपूर्ति वा अन्य सकम तिर्नु पर्ने व्यक्तिले उपदफा (१) वा (३) बमोजिमको अवधिभित्र आफ्नो कुनै सम्पत्ति लुकाएको वा कुनै प्रकारले रुपान्तरण गरेको ठहरेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो सम्पत्ति पत्ता लगाएमा त्यस्तो सम्पत्ति जफत हुनेछ र त्यसरी जफत भएको सम्पत्ति पच्चीस प्रतिशत रकम पत्ता लगाउनेलाई दिई बाँकी रहेमा त्यसरी बाँकी रहेको रकम सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

[२] १) निजी बिगो वा क्षतिपूर्ति भराई पाउने पीडित वा निजको हकवालाले देहायको अवस्थामा देहायको अवधिभित्र त्यस्तो व्यक्तिलाई ऐनको दफा १६५ बमोजिम कैद गराउन निवेदन दिन सक्नेछ।
(४) मा " निजी बिगो वा क्षतिपूर्तिबापत कैद गर्दा कानूनबमोजिम लाग्ने सिधा खर्च नेपाल सरकारले व्यहोर्नु पर्नेछ"।

बिगो रकम भराउनुपर्ने व्यवस्था गरेको देखिन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ (११) मा फौजदारी प्रकृतिको मुद्दामा निजी बिगोमा कैद गर्दा कानून बमोजिम लाग्ने सिधा खर्च नेपाल सरकारले व्यहोर्नुपर्ने व्यवस्था उल्लेख भएको देखिन्छ र सोही प्रावधानलाई फैसला कार्यान्वयन निर्देशिका, २०७५ को दफा ३१[३] मा प्रबन्ध गरेको देखिदा वादीको आफ्नो बिगो असुल हुन नसकेको खण्डमा प्रतिवादीलाई कैदमा राख्न निवेदन दिदा निवेदन साथ दैनिक रू.३००।- सिधा खाना खर्च बापत राखि निवेदन दिन पर्ने वा सिधा खर्च समेत दाखिल गर्नुपर्ने व्यवस्था मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा उल्लेख भएको देखिदैन। उदाहरण स्वरूप प्रस्तुत मुद्दा देवानी दायित्व अन्तर्गतको व्यक्ति व्यक्तिबिचको लेनदेनको भएको भए मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४२ बमोजिमको कार्यविधी आकर्षित भई दफा २४४[४] बमोजिमको बिगो वा जरिवाना बापत कैद गर्न सकिने मान्न सकिन्थ्यो र दफा २४४ (५)[५] बमोजिम निजी बिगोमा कैद गर्दा कानून बमोजिम लाग्ने सिधा खर्च कैद गराउन चाहने व्यक्तिले व्यहोर्नु पर्ने हुन्थ्यो। तर प्रस्तुत मुद्दा देवानी दायित्व आकर्षित हुने नभई दुनियावादी फौजदारी मुद्दा अर्थात अनुसूची ४ बमोजिमको मुद्दा भएकोले सिधा खर्च नेपाल सरकारले नै व्यहोर्नु पर्ने भन्ने विधायिकी मनसाय देखियो।

१७. त्यसैगरी यी निवेदकको जेथाबाट वादीले विगो भरी पाउने अवस्था हुँदाहुँदै निजलाई कैदमा राखेको भन्ने निवेदन जिकिर तर्फ विचार गर्दा, वादी राजेन्द्र तिवारीले चितवन जिल्ला अदालतमा विगो भराई पाउँको निवेदन गर्दा प्रतिवादीको बुबाको नाउँमा रहेको सम्पत्ति मात्रै फेला परेको र सो सम्पत्ति समेत अन्यत्र निकायबाट रोक्का रहेकोले यी निवेदक/प्रतिवादीको नामको कुनै स्वतन्त्र जेथा फेला नपरेको हुँदा विगो वापत कैद राखी पाउँ भनी निवेदन दायर गरेको र यी निवेदकलाई मिति २०८०।०९।१७ मा अदालत समक्ष उपस्थित गराउदा निजले विगो वापतको रकम तिर्न नसक्ने भनी कागज गरिदिएको समेत देखिन्छ। निवेदकले निवेदन जिकिर लिए अनुसारको निजको बुबाको नाममा रहेको सम्पत्ति निजको समेत अंश हक लाग्ने र सोही जग्गाबाट वादीको विगो असुल उपर गर्न सकिने अवस्था रहेको भए यी निवेदकले म्यादभित्र अदालत समक्ष उपस्थित भई उक्त सम्पत्ति देखाई विगो रकम तिर्नको लागि आवश्यक कानूनी

---

[३] १) निजी बिगो वा क्षतिपूर्ति भराई पाउने पिडित वा निजको हकवालाले देहायको अवस्थामा देहायको अवधिभित्र त्यस्तो व्यक्तिलाई ऐनको दफा १६५ बमोजिम कैद गराउन निवेदन दिन सक्नेछ।
४) मा, निजी बिगो वा क्षतिपूर्तिबापत कैद गर्दा कानूनबमोजिम लाग्ने सिधा खर्च नेपाल सरकारले व्यहोर्नु पर्नेछ।

[४] मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४४ को उपदफा १ मा "दफा २४२ को उपदफा (७) बमोजिम सम्पत्ति लिलाम बिक्री गर्दा समेत बिगो पर्याप्त नभएमा, सम्पत्ति नदेखाएमा वा सम्पत्ति लिलाम गर्न नसकिने भएमा भराउन बाँकी बिगोमा बिगो भरी पाउनेले बिगो भराउनु पर्ने व्यक्तिलाई कैद गराउन इच्छा गरी सम्पत्ति लिलाम बिक्री भएको वा यस उपदफा बमोजिमको अवस्था परेको पन्ध्र दिनभित्र निवेदन दिएमा अदालतले त्यसको पर्चा खडा गरी बिगो भरी दिनु पर्ने व्यक्तिलाई कानून बमोजिम कैदमा पठाउनु पर्नेछ"।

[५] २४४ (५) मा "उपदफा (१) बमोजिम कैद गर्दा कानून बमोजिम लाग्ने सिदा खर्च कैद गराउन चाहने व्यक्तिले व्यहोर्नु पर्नछ"।

प्रकृया शुरु गर्न सक्नेमा सोतर्फ कुनै पहल गरेको देखिदैन। वादीले प्रतिवादीको नामको स्वतन्त्र सम्पत्ति, जग्गा नभेटाएकोमा अदालत स्वयमले निजको के केति सम्पत्ति कहाँ कहाँ छ भनि खोजी नगर्ने हुँदा आफ्नो के कति सम्पत्ति कहाँ छ भनी खुलाई ठहरे बमोजिमको बिगो भर्ने दायित्व प्रतिवादी मै निहित हुने हुँदा प्रतिवादीले पुरा गर्नुपर्ने कानूनी दायित्व पुरा नगरेवापत निजलाई कैद गरिएको पाइयो।

१८. त्यसअलवा, फैसला बमोजिमको बिगो भरिभराउको लागि परेको निवेदन मागबमोजिम बिगो माग गर्ने र माग भएको बिगो बुझाउन नसके थुनामा पठाउने कार्य फैसला कार्यान्वयनको एउटा अभिन्न अङ्ग हो। *बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमा थुनाको कानूनी वैधता* **(Legality)** ***परीक्षण गरिने हो। बन्दी प्रत्यक्षीकरणको रिट कुनै पनि व्यक्तिलाई पक्राउ गर्नुपर्ने कारणको सूचना तथा जानकारी नै नदिई, प्रवृत्त भावना लिई, बदनियतपूर्ण तवरले प्राकृतिक न्यायको सिद्धान्त लगायत कानूनले अनिवार्य गरेको प्रक्रियाहरूको गम्भीर उल्लङ्घन गरी कानूनविपरीत थुनामा राखिएमा वा अख्तियारवालाबाहेक अरूबाट भएको काम कारबाही तथा आदेशले अनधिकृत तवरबाट थुनामा राखिएमा वा अधिकारक्षेत्रात्मक त्रुटि देखिएको अवस्थामा वा कानून प्रतिकूल थुनामा राखेको अवस्थामा जारी हुने हुन्छ।***[६] प्रस्तुत मुद्दामा यी रिट निवेदकलाई फैसला कार्यान्वयनको सिलसिलामा बिगो दाखिल गर्ने म्याद बमोजिम उपस्थित नभएपछि पक्राउपुर्जी जारी गरी अदालतमा उपस्थित गराएपश्चात सोधनी गर्दा बिगो बुझाउन सक्दिन भनी कागज समेत गरेपश्चात, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ को उपदफा (८) बमोजिम निवेदक प्रतिवादीले तिर्न बुझाउन बाँकी रहेको विगो रु. १३,२३,६००।— लाई दिनको रु. ३०० को दरले कैदमा परिणत गर्दा करिव १२ वर्ष कैद हुनेमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ को उपदफा (९) बमोजिम २ (दुई) वर्ष कैद गर्ने गरी चितवन जिल्ला अदालतबाट मिति २०८०।०८।०८ मा आदेश भएको र अदालतको आदेश बमोजिम कानूनको रित पुर्‍याई यी रिट निवेदकलाई निजले तिर्न बाँकी रहेको बिगो वापत राखिएको थुना निवेदकको जिकिर बमोजिम गैरकानूनी भएको देखिएन र यी रिट निवेदकले आफ्नो व्यवहार मिलाई जुनसुकै अवस्थामा तिर्न बुझाउन पर्ने रकम बुझाई थुना मुक्त हुन सक्ने नै हुँदा फैसला कार्यान्वयन शाखाबाट भए गरेका काम कारवाहीबाट निवेदकलाई सुनवाईको अवसरबाट बन्चित गराएको अवस्थाको विद्यमानता नदेखिदा रिट निवेदकको संवैधानिक र कानूनी हकमा आघात पर्न गएको अवस्था देखिएन।

[६] ने.कां.प. २०८०, अंक १२, नि.नं. ११२१६

१९. अतः माथि उल्लिखित आधार, कारण र प्रमाणहरु भएको प्रस्तुत मुद्दामा यी निवेदक र वादी राजेन्द्र तिवारी भई चलेको चेक अनादर मुद्दामा चितवन जिल्ला अदालतको मिति २०७९।०३।०९ को फैसलाले वादी दावी पुग्ने ठहरी यी प्रतिवादीबाट वादीले विगो रकम रु. १३,२३,६००।- भरी पाउने ठहरेकोमा वादीलाई तिर्नु/बुझाउनु पर्ने विगो रकम यी निवेदक प्रतिवादीले नतिरेको/नबुझाएको हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६५ को उपदफा (८) र (९) बमोजिम २ (दुई) वर्ष कैदमा राख्ने गरी चितवन जिल्ला अदालतबाट मिति २०८०।०८।०८ मा भएको आदेश गैरकानूनी नदेखिदा निवेदन माग बमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत प्रत्यर्थीहरुलाई दिई दायरीको लगत कट्टा गरी फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

(हरिप्रसाद फुयाल)

न्यायाधीश

उक्त रायमा म सहमत छु।

(बालकृष्ण ढकाल)

न्यायाधीश

इजलास अधिकृतः प्रकृति पराजुली

कम्प्युटर अपरेटरः शंकर गुरुङ्ग

इति सम्वत् २०८१ साल आश्विन १४ गते रोज २ शुभम् ......................................।